## ०७५ साल कार्तिक १८ गते कार्यपालीकाका बैठककका निर्णयहरु

निर्णय नं १ : जिल्ला प्रशासन कार्यालय, दाङ को प.सं.०७५।०७६ च.न. १६९३ मिति ०७५।७।१५ को बिल रकम भुक्तानीका लागि अनुरोध भै आएको प्राप्त पत्रको सन्दर्भमा निम्न कार्यको लागि श्री न्यू स्वर्गद्वारी प्रेस घोराही दाङ को मिति ०७५।७।१४ को बिल रकम मू.अ.कर बाहेक रु १,७८,६२०। (सानो रजिष्टर वेण्डीङ (हाप) संख्या ९४ प्रति ईकाई मूल्य रु २३,५००। र ठूलो रजिष्टर वेण्डीङ ( फुल २८० वटा) रु १,५५,१२०। ) लमही नगरपालीकाको चालु आ.व.०७५।०७६ मा कार्यालय संचालन खर्च शिर्षकमा विनियोजित रकमबाट खर्च भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २ अस्थाई/करार शिक्षक नियुक्ती सम्वन्धी कार्यविधी, २०७५ थप छलफलका लागि विषयगत समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ निवेदक श्री ए.पी.एस निर्माण सेवा (लमही ५, लमही दाङ) बाट निवेदन भई आएको फर्म स्वीकृत कार्यविधी बमोजिम प्रकृया पुरा गरेको देखिएकोले निजको "घ" वर्गको निर्माण व्यवसाय संचालन गर्ने गरि ईजाजत पत्र स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : शुभ दिपावली, २०७५को सन्दर्भमा धार्मिक तथा संस्कृति प्रवर्द्धन गर्ने द्यौसी, भैलो खेल्ने कार्यक्रमलाई निरन्तरता दिदै सामाजिक सदभाव कायम रहने गरि देहाय बमोजिम हुने गरी संचलान गर्न दिने निर्णय गरियो ।

- जुवा तास नगर क्षेत्रमा खेल्न पूर्ण प्रतिवन्ध गर्ने
- पटाका पटकाउन निषेध गर्ने
- मदीराजन्य पदार्थहरु बेलुका ८ वजे पश्चात बेचविखन गर्न पूर्ण प्रतिवन्ध गर्ने
- द्यौसी, भैलो बेलुका ९ बजे सम्म मात्र खेल्न दिने र राजमार्ग तथा आन्तरिक वाटोहरुमा डोरी टागी बाटो छेकी द्यौसी, भैलो खेल्न निषेध गर्ने निर्णय गरियो ।
- ध्वनी प्रदुषण गर्ने गरी ठूलो डिजे बजाई द्यौसी, भैलो खेल्न खेलाउन प्रतिवन्ध गर्ने निर्णय गरियो

निर्णय नं. ५ : पूर्व प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका न्यायीक मेलमीलापकर्ताहरुको आवेदनका आधारमा पछि नगरसभाबाट अनुमोदन गर्ने गरि वडा अनुसार सूचिकृत गर्ने र वडाअनुसार आवेदन प्राप्त हुन नआएका र अपुग हुन आएका वडाहरुको हकमा पून सूचिकरणको लागि मंसिर १५ गते सम्म आवेदन म्याद दिई सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ६ : आ.व. ०७४।०७५ को अन्तिम तिर प्रदेश सरकारबाट जनप्रतिनिधीहरुको मासिक पारिश्रमीक सेवा, सुवीधा निर्धारण भै आएको र उक्त आर्थिक वर्षमा जनप्रतिनिधीहरुको लागि विनियोजित बजेट रकम निर्धारित पारिश्रमीक भन्दा न्युन हुन गई भुक्तानी हुन बाँकी रहेकोले उक्त आ.व.को बाँकी मासिक पारिश्रमिक सेवा सुविधा चालु आ.व. ०७५।०७६ मा विनियोजित आन्तरिक बजेट (श्रोत) रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

०७५/७/१८

प्रमुख प्रशासकिय अधिकृत